मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित

खण्ड-४, मालारानी गाउँपालिका, मितिः २०७८/०३/२२ संख्या : २

भाग १

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

मालारानी गाउँपालिकाको विनियोजन ऐन, २०७८

गाउसभाबाट पारित मितिः २०७८।०३।२०

प्रस्तावनाः मालारनी गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम मालारानी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नामः मालारानी गाउँपालिकाको विनियोजन ऐन, २०७८

(२) प्रारम्भः यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक बर्ष २०७८।७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गने अधिकारः

(१) आर्थिक बर्ष २०७८।७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची २ मा उल्ले खित चालु खर्च, पुंजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ८०६७८६०००/- (अक्षरुपी असी करोड सतसट्ठीलाख छ्यासी हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । -

३. विनियोजन र खर्चः

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्ने दिएको अधिकार बमोजिमको र कम २०७८।७९ को निमित्त मालारानी गाउँ कार्यपालिका, वडा समिति, र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशत नबढ्ने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकबाटअर्को एक वा एक भन्दा बढि शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुंजीगत खर्च र बवित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक

अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्य शिर्षकमा सार्न सकिने छैन । तर चालु , पुँजीगत खर्च र वित्तिय व्यवस्थाक खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्ने छ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९(२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम रु. ००

क्र.स.	अनुदान संख्या	शिर्षक	चालु खर्च	पुँजीगत खर्च	वित्तिय व्यवस्था	जम्मा
१	२	३	४	५	६	७
१		गाउँपालिका	५२७२७४०००	२७९५१२०००		८०६७८६०००
२		वडा समिति				
३		बिषयगत शाखा				
४		ऋणको सावाँ व्याज भुक्तानी				
५		लगानी (शेयर/ ऋण)				

आज्ञाले

रमेश पन्थी

प्रमुख प्रशासकिय अधिकृत